सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल

माननीय न्यायाधीश श्री टेकप्रसाद ढुङ्गाना

**संक्षिप्त आदेश**

०८०-WO-०५२९

विषयः- परमादेशसमेत।

| | |
|---|---|
| जिल्ला सर्लाही, वलरा नगरपालिका वडा नं. ८ स्थायी घर भई ललितपुर नगरपालिका वडा नं. २५ बस्ने प्रतिनिधिसभाका सदस्य अमरेशकुमार सिंह..............................१ | निवेदक |

**विरूद्ध**

| | |
|---|---|
| एनसेल आजियाटा लिमिटेड, कर्पोरेट कार्यालय काठमाडौं महानगरपालिका वडा नं. २६ लैनचौर..........................................................................................१<br>नेपाल दूर सञ्चार प्राधिकरण, जमल काठमाडौं...........................................१<br>कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं, नेपाल............................१<br>सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरवार, काठमाडौं..........................१<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं...................१<br>आन्तरिक राजस्व विभाग, ठूला करदाता कार्यालय, हरिहर भवन ललितपुर........१<br>ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. ४ एकान्तकुनामा रजिष्टर्ड कार्यालय रहेको रेनोल्ड्स होल्डिङ्स लिमिटेड.............................................१<br>स्पेक्ट्रोलाईट वेलायती कम्पनी स्वामित्व रहेको शतिस लाल आचार्य................१<br>सुनीभेरा क्यापिटल भेन्चरस् काठमाडौं महानगरपालिका वडा नं. १३ काठमाडौं ..........................................................................................१<br>ठूला करदाता कार्यालय, हरिहर भवन, ललितपुर..........................................१<br>नेपाल राष्ट वैङ्क, बालुवाटार, काठमाडौं...................................................१ | प्रत्यर्थी |

१. दूरसञ्चार नियमावली, २०५४ को नियम १५(ट) बमोजिम चुक्ता पूँजीको पाँच प्रतिशत सेयर खरिद बिक्री गर्नुअघि नेपाल दुरसञ्चार प्राधिकरणको स्वीकृति लिनुपर्ने र नेपाल

दुरसञ्चार प्राधिकरण विनियमावली, २०७६ को विनियम ४(क) बमोजिम शेयरधनीको शेयर खरिद बिक्री वा नामसारी गर्नुपूर्व नेपाल दूरसञ्चार प्राधिकरणको अनुमति वा स्वीकृति लिनुपर्नेमा सो अनुसार अनुमित विपक्षी कम्पनीले लिएको छैन। सतिशलाल आचार्यको कम्पनीले अहिले ८० प्रतिशत शेयर र उनकी श्रीमतीको भावना सिंहको नाममा रहेको सुनिभेरा क्यापिटल भेन्चर्सको नाममा रहेको २० प्रतिशत एनसेलको शेयर खरिद बिक्री गरेकोले नेपालको कानूनको पालना नगरी कर छल्ने उद्देश्यले कम मूल्यमा विदेशमा आजियाटा यु.के. र स्पेक्ट्रलाइट यु.के. लिमिटेडबीच एनसेलको ८० प्रतिशत शेयर बिक्री गर्न भएको सम्झौतालाई मान्यता नदिनको लागि विपक्षी कम्पनी रजिष्ट्रारको कार्यालय तथा नेपाल दूरसञ्चार प्राधिकरणको नाममा परमादेश जारी गरी नेपालको नियमनकारी निकायले अनुमति नदिएको अवस्थामा पनि त्यसरी गरिएको कारोवारको वैधानिकता उत्प्रेषणको आदेशले बदर गरी विपक्षी एनसेल कम्पनीले शेयर खरिद प्रक्रियालाई वैधानिकता दिलाउने अवस्था हुँदा प्रस्तुन रिट अन्तिम किनारा नलागेसम्म एनसेल शेयर खरिद बिक्री प्रक्रियालाई नेपालमा यथास्थितिमा राख्न सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम अन्तरिम आदेशसमेत जारी गरिपाउँ भन्ने रिट निवेदनको माग रहेको देखियो।

२. दूरसञ्चार ऐन, २०५३ को दफा २५ मा दूरसञ्चार कम्पनीको अनुमतिपत्रको अवधि बढीमा २५ वर्षको हुनेछ भनिएको छ। एनसेलले २०६१ भदौ १६ मा अनुमति पाएको थियो। २०८६ भदौ १६ गते २५ वर्ष अवधी पुग्नेछ। दूरसञ्चार ऐन, २०५३ को दफा ३३ मा जम्मा पूंजी लगानीको ५० प्रतिशतभन्दा बढी विदेशी व्यक्ति वा संगठित संस्थाको लगानी भएको दूरसञ्चार सेवासँग सम्बन्धित जग्गा, भवन, यन्त्र, उपकरण तथा संरचनामा अनुमतिपत्रको अवधि समाप्त भएपछि नेपाल सरकारको स्वामित्व हुनेछ भनी लेखिएको छ। एनसेल कम्पनी २०८६ भाद्रमा नेपाल सरकारको स्वामित्वमा आउने हुँदा ८० प्रतिशत शेयर खरिद बिक्री गर्ने गैरकानूनी कार्यलाई रोकी पाऊँ भनी पुरक निवेदनपत्र परेको देखिएको र निवेदकले मिति २०८०।८।२२ मा दिएको निवेदनमा उल्लेख गरिएका प्रत्यर्थीहरू रेनोल्ड्स होल्डिंस लिमिटेड, स्पेक्ट्रलाईट वेलायती कम्पनीमा स्वामित्व रहेको शतिसलाल आचार्य, सुनीभेरा क्यापिटल भेन्चर्स, ठुला करदाता कार्यालय, नेपाल राष्ट्र बैंकलाई प्रत्यर्थी कायम गर्नु भनी यस अदालतबाट मिति २०८०।१०।५ मा आदेश भई निजहरुको तर्फबाट समेत लिखित जवाफ परेको पाईयो।

३. एनसेल एक्जियाटा लि.को ८०% शेयर खरिद बिक्री भएको भने पनि दूरसञ्चार ऐन, २०५३, दूरसञ्चार नियमावली, २०५४, नेपाल दूरसञ्चार प्राधिकरण (अनुमतिपत्र प्राप्त व्यक्तिको शेयर खरिद बिक्री) विनियमावली, २०७६ रहेको र सोहि अनुरूप प्राधिकरणले



CamScanner

नियामक निकायको हैसियतले कार्य गर्दै आएको छ। नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८०।०८।२१ को निर्णयबमोजिम पूर्व महालेखापरीक्षक टंकमणि शर्मा (दंगाल) को संयोजकत्वमा दूरसञ्चार सेवा प्रदायक कम्पनी एनसेलको शेयर, बिक्री सम्बन्धी अध्ययन तथा छानबिन समितिसमेत गठन भएको छ। समितिलाई तोकिएका उल्लिखित कार्यदिश समेतका आधारमा समितिबाट पेस हुने अध्ययन तथा छानबिन प्रतिवेदनसमेतबाट निवेदकले उठान गर्नुभएको विषय सम्बोधन हुनेछ। शेयर खरिद बिक्री भएको छैन। कम्पनीमा ८ जना शेयर धनीहरू रहेका छन। सेन्टकिट्स एण्ड नेभिसमा दर्ता रहेको रेनोल्ड्स होल्डिङ्स लि.को करीब ८०% र सुनिभेरा क्यापिटल भेन्चर प्रा.लि. समेतका ७ जना नेपाली शेयर धनीहरूको २०% शेयर रहेको छ। कम्पनीको शेयर कसैलाई बिक्री गरिएको छैन। नियमले अनुमतिपत्र प्राप्त व्यक्तिको शेयरधनीको शेयर खरिद बिक्री गर्दा वा हुँदा प्राधिकरणको स्वीकृति लिनु पर्ने व्यवस्था गरेको छैन। ऐन र नियमावलीले नै नगरेको व्यवस्था विनियमावलीले गरेको हो भनी अर्थ गर्न मिल्दैन। हाम्रो कम्पनी नेपालको कानून अनुरूप प्रशासित हुने कम्पनी होइन। नेपालको कम्पनी कानून तथा विदेशी लगानी सम्बन्धी कानूनले नेपालमा गरेको लगानीसम्मलाई नियमित गर्ने हो। आयकर ऐन, २०५८ को दफा ५७ अनुसार उल्लेखित शेयर खरिद विक्रीको कारोबारबाट एनसेलको सम्पत्ति तथा दायित्वको निसर्ग भएको मानी नेपालमा यस कम्पनी शेयरधनी भएको एनसेलले सम्पूर्ण कर चुक्ता गरिसकेको अवस्थामा पूँजीगत लाभकर छल्ने नियतबाट शेयर खरिद विक्री गरिएको भनी लिइएको निवेदन खारेज गरी पाँउ भन्ने समेतको प्रत्यर्थीहरुको लिखित जवाफ रहेको देखिन आयो।

४. नियमबमोजिम पेसी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदक स्वयं श्री अमरेशकुमार सिंह तथा निज निवेदकका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता डा. श्री सुरेन्द्र भण्डारी तथा विद्वान अधिवक्ताहरू श्री दिपेन्द्र झा, श्री अभिकेस पण्डित तथा प्रत्यर्थी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेतको तर्फबाट प्रतिरक्षार्थ उपस्थित सह-न्यायधिवक्ताद्वय श्री हरिशंकर ज्ञवाली तथा श्री ध्रुवकुमार चौहान र प्रत्यर्थी नेपाल राष्ट्र बैङ्कको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री हेमराज अधिकारी तथा दूरसञ्चार प्राधिकरणको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरु श्री बिरेन्द्र खड्का, श्री करुणा सिलवाल, त्यसैगरी विपक्षी एनसेल एक्जियाटा लिमिटेडको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरु श्री शम्भू थापा, श्री पूर्णमान शाक्य, श्री कोमलप्रकाश घिमिरे, श्री शरदप्रसाद कोईराला, श्री महेशकुमार थापा तथा विद्वान् अधिवक्ताहरू, श्री अपूर्व खतिवडा, श्री कैलाशप्रसाद न्यौपाने, श्री प्रभाश निरौला, श्री कुमार सिलवाल, श्री डिल्लीराम श्रेष्ठ साथै एनसेल एक्जियाटा लिमिटेड र सुनीभेरा

क्यापिटल भेन्चरस समेतको तर्फबाट विद्वान् अधिवक्ता श्री मदनकुमार डंगोल र प्रत्यर्थी शतिसलाल आचार्यको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री शतिशकृष्ण खरेल तथा विद्वान् अधिवक्ता श्री समिर शर्माले प्रस्तुत गर्नु भएको बहससमेत सुनियो।

५. आज निर्णय सुनाउनको लागि पेस हुन आएको प्रस्तुत रिट निवेदनमा दुरसञ्चार सेवा प्रदायक कम्पनीको रूपमा नेपालमा दर्ता भई सञ्चालनमा रहेको विपक्षी एनसेल आजियाटा लिमिटेडमा ८०% शेयर रहेको, आजियाटा इन्भेष्टमेन्ट (यु.के) र स्पेक्ट्रलाइट यु.के लिमिटेडबीच उक्त ८०% प्रतिशत शेयर खरिद बिक्री गर्नेगरी मिति २०८०।८।१५ (तदनुसार डिसेम्वर १ सन २०२३) मा भएको विपक्षी कम्पनी रजिष्ट्रारको कार्यालय तथा नेपाल दुरसञ्चार प्राधिकरणको नाममा परमादेश जारी गरी सो सम्झौतालाई मान्यता नदिन तथा उक्त शेयर कारोवारको वैधानिकता उत्प्रेषणको आदेशले बदर गरी उक्त शेयर खरिद बिक्री सम्बन्धमा नेपाल सरकारद्वारा टंकमणि शर्माको सयोजकत्वमा मिति २०८०।८।२१ मा गठित समितिलाई स्वतन्त्र र पारदर्शी तरिकाले छानविन गर्न मार्गदर्शन जारी गरी पाउँ भन्ने मुख्य मागदावी लिएको देखिएको छ। उक्त मागदावीको सम्बन्धमा मिसिल संलग्न प्रमाण हेर्दा नेपाल सरकारद्वारा गठित टंकमणि शर्माको संयोजकत्वको छानविन समितिले मिति २०८०।१०।१५ मा नै छानविन प्रतिवेदन तयार गरी नेपाल सरकारसमक्ष बुझाई नेपाल सरकार मन्त्रिपरिषदको मिति २०८०।११।६ को निर्णयबाट उक्त प्रतिवेदनको सुझाव खण्डको बुँदा नं. ८ मा "एनसेल आजियाटा लि. को आ.व. मिति २०७६।०७७ देखि हालसम्मको कर परीक्षण गर्न बाँकी देखिएकाले ती वर्षहरूको कर परीक्षण गरी कर दायित्व निर्धारण गरी असुल गर्ने। यस्ता बहुराष्ट्रिय कम्पनी र पटक-पटक कर छली गर्ने सम्भावना रहेको कम्पनीहरूको आन्तरिक राजस्व विभाग र अन्तर्गतका कार्यालयहरूले समयमै कर परीक्षण गर्ने व्यवस्था मिलाउने" भनी उल्लेख भएको सुझाव कार्यान्वयन गर्ने निर्णय भई सूचना तथा सञ्चार प्रविधि मन्त्रालयमार्फत कार्यान्वयनको लागि सम्बन्धित निकायहरूमा पत्राचार भैसकेको देखिन आयो। आजियाटा इन्भेष्टमेन्ट (यु.के.) र स्पेक्ट्रलाइट यु.के. लिमिटेडबीच एनसेलको ८०% शेयर खरिद बिक्री सम्बन्धमा मिति २०८०।८।१५ मा (तदनुसार डिसेम्वर १, २०२३) मा भएको सम्झौता स्वीकृतिको लागि विपक्षी एनसेंल आजियाटा लिमिटेडले मिति २०८०।११।३० मा विपक्षी नेपाल दुर सञ्चार प्राधिकरणमा निवेदन पेस गरेकोमा उक्त निवेदन दुर सञ्चार ऐन, २०५३ को दफा १५, २३, २७ र दुर सञ्चार नियमावली, २०५४ को नियम १४ र १५(१)(ट), नेपाल दुर सञ्चार प्राधिकरण (अनुमतिपत्र प्राप्त व्यक्तिको शेयर खरिद बिक्री) विनियमावली, २०७६ को विनियम २(ज), ४ र ११ तथा सोही विनियमावलीको अनुसूची १ र निजले सेवा सञ्चालनको लागि प्राप्त अनुमतिपत्रको

शर्त नं. 14(A)6 को विपरीत पाइएकोले उक्त शेयर खरिद बिक्री सम्झौता यथास्थितिमा स्वीकृति दिन नसकिने भनी नेपाल दुर सञ्चार प्राधिकरणबाट मिति २०८०।१२।१५ मा निर्णय भई सोको जानकारी विपक्षी एनसेल आजियाटा लिमिटेडलाई गराइसकेको तथ्य प्राधिकरणतर्फका विद्वान् अधिवक्ताहरूले बहसको क्रममा इजलासलाई जानकारी गराएको स्थितिमा शेयर खरिद बिक्री कारोवारको वैधानिकता र यसको मान्यता सम्बन्धमा प्रस्तुत रिट निवेदनको रोहबाट प्रवेश गरी विपक्षीहरूलाई निवेदन मागबमोजिमको कुनै रिट आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान नदेखिंदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ।

६. प्रस्तुत रिट निवेदन खारेज हुने ठहर भएपनि विदेशी लगानी रहेको दुर सञ्चार सेवा प्रदायक कम्पनी विपक्षी एनसेल आजियाटा लिमिटेडको शेयर संरचनामा पटक-पटक परिवर्तन भई शेयरको स्वदेश तथा विदेशमा खरिद बिक्री हुँदा अनुमतिप्राप्त व्यक्तिले पालना गर्नुपर्ने कानूनबमोजिमको शर्त एवम् प्रक्रिया र नियमनकारी निकायको नियमनको सम्बन्धमा केही गम्भीर समस्या र प्रवृत्तिहरू देखा परेकोले आगामी दिनमा विदेशी लगानी भएका कम्पनीहरूको सञ्चालन र नियमनमा स्पष्टता तथा प्रभावकारीता अभिवृद्धिको लागि सम्वन्धित पक्षलाई केही निर्देशनहरूसमेत जारी गर्न इजलासले आवश्यक देखेकाले नेपालको संविधानको धारा १३३ को उपधारा (३) बमोजिम देहायबमोजिमको निर्देशनात्मक आदेश जारी गरिएको छः-

क. दुर सञ्चार नियमावली, २०५४ को नियम १४ र १५(१)(ट) तथा दुर सञ्चार ऐन, २०५३ को दफा १५ र ६२ ले दिएको अधिकार प्रयोग गरी नेपाल दुर सञ्चार प्राधिकरणले जारी गरेको नेपाल दुर सञ्चार प्राधिकरण (अनुमतिपत्र प्राप्त व्यक्तिको शेयर खरिद बिक्री) विनियमावली, २०७६ को विनियम २(ज) मा "शेयरधनी" भन्नाले **शेयरमा स्वामित्व भएको व्यक्ति सम्झनुपर्छ सो शब्दले नेपालमा दर्ता रहेको अनुमतिपत्र प्राप्त व्यक्तिको शेयर धारण गर्ने विदेशी कम्पनीको शेयर धारण गर्ने कम्पनी (Offshore company) समेतलाई** जनाउनेछ भन्ने व्यवस्था रहेको छ। सोही विनियमावलीको विनियम ४ मा "शेयर नामसारी वा खरिद बिक्री गर्न सक्नेः **अनुमतिपत्र प्राप्त व्यक्तिको प्रचलित कानूनको अधीनमा रही शेयर धारण गर्ने व्यक्तिले आफ्नो स्वामित्वमा रहेको शेयर देहायबमोजिम रीत पुऱ्याई नामसारी वा बिक्री गर्न सक्नेछ**" भन्ने व्यवस्था गरी विभिन्न शर्तहरूको व्यवस्था रहेको देखियो। साथै, नियम ११ मा निवेदन दस्तुरको व्यवस्था गरी "**शेयर खरिद वा बिक्री स्वीकृतिको लागि निवेदन दस्तुर वापत रू.१००।– बुझाउनु पर्नेछ**" भन्ने कानूनी व्यवस्थसमेत रहेको देखिन आयो। उक्त कानूनी व्यवस्थाबाट अनुमतिपत्र प्राप्त व्यक्तिको शेयरवालाले शेयर खरिद बिक्री गर्दासमेत प्राधिकरणको पूर्व

स्वीकृति लिनुपर्ने स्पष्ट देखिन आउँछ। प्रस्तुत विवादसँग जोडिएको डिसेम्वर १, २०२३ मा भएको सम्झौता, दुर सञ्चार नियमावली, २०५४ को नियम १५ को संशोधन भएपछी सम्झौता भएको देखियो। साथै शेयर खरिद बिक्री कारोबारको बारेमा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को दफा १९ को अभिलेख राख्ने व्यवस्थासँग आफूलाई अनुमति दिने, नियमन गर्ने विशेष कानूनको रूपमा रहेको दुर सञ्चार नियमावली, २०५४ को नियम १५(१)(ट) को व्यवस्थालाई नजरअन्दाज गर्न मिल्ने देखिएन। प्रस्तुत संशोधित ऐ. नियम १५(१)(ट) तथा नेपाल दुर सञ्चार प्राधिकरण (अनुमतिपत्र प्राप्त व्यक्तिको शेयर खरिद बिक्री) विनियमावली, २०७६ को विनियम (१), (३) र विनियम ४ को खण्ड (क) लाई चुनौति दिएको अवस्था पनि रहेको छैन। अनुमतिपत्र प्राप्त व्यक्ति विपक्षी एनसेल आजियाटा लिमिटेडको ८०% शेयर धारण गर्ने शेयरवाला आजियाटा इन्भेष्टमेन्ट (यु.के.) लिमिटेडले आफ्नो शेयर स्पेक्ट्रलाइट यु.के. लिमिटेडलाई मिति २०८०।८।१५ (तदनुसार डिसेम्वर १ सन् २०२३) मा बिक्री गरेको तथ्यमा विवाद देखिदैन। उक्त शेयर कारोवार हुनु अगावै नेपाल दुर सञ्चार प्राधिकरणबाट पूर्व स्वीकृति लिनुपर्नेमा नलिएको, विपक्षीबाट पेस भएको लिखितजवाफमा अनुमतिपत्र प्राप्त व्यक्तिको शेयरधनीको शेयर खरिद बिक्री हुँदा प्राधिकरणबाट स्वीकृति लिनुपर्ने व्यवस्था नै छैन भन्ने जिकिर लिएको र मिति २०८०।८।१५(तदनुसार डिसेम्वर १ सन् २०२३) मा भएको शेयर खरिद बिक्री सम्झौताको सम्बन्धमा मिति २०८०।११।१२ मा मात्र स्वीकृतिको लागि प्राधिकरणमा निवेदन पेस गरेको स्थिति देखिएकाले विपक्षी एनसेल आजियाटा लिमिटेडले दुर सञ्चार ऐन, २०५३, दुर सञ्चार नियमावली, २०५४ र नेपाल दुर सञ्चार प्राधिकरण (अनुमतिपत्र प्राप्त व्यक्तिको शेयर खरिद बिक्री) विनियमावली, २०७६ र अनुमतिपत्रको शर्तसमेत अक्षरशः परिपालना गर्दै पारदर्शी र विधिसम्मत तरिकाले सेवा संचालन गर्नू भनी विपक्षी एनसेल आजियाटा लिमिटेडको नाममा निर्देशनात्मक आदेश जारी गरिदिएको छ।

ख. दुर सञ्चार सेवा र अनुमतिपत्र प्राप्त व्यक्तिको नियमनको लागि ऐनद्वारा स्थापना भएको विपक्षी नेपाल दुर सञ्चार प्राधिकरणलाई दुर सञ्चार ऐन, २०५३ को दफा १३ ले सुम्पेको नियमनकारी काम, कर्तव्य र अधिकारको अतिरिक्त दफा १५ ले आवश्यक आदेश वा निर्देशन दिन सक्ने र दफा ४७ मा अनुमतिपत्रमा उल्लिखित शर्तहरूको पालना नगर्ने व्यक्तिलाई जरिवाना गर्नेसम्मको अधिकारसमेत रहेको परिवेशमा, डिसेम्वर १, सन २०२३ मा आजियाटा इन्भेष्टमेन्ट (यु.के.) र

स्पेक्ट्रलाइट (यु.के.) लिमिटेडवीच भएको शेयर खरिद बिक्री सम्झौता पूर्व स्वीकृतिको लागि पेस नगरेको, प्राधिकरणले पटक-पटक पत्राचारसम्म गरेको र यस अदालतमा प्रस्तुत रिट निवेदन विचाराधीन रहेको अवस्थामा मिति २०८०।११।३० मा मात्र विपक्षी एनसेल आजियाटा लिमिटेडले स्वीकृतिको लागि प्राधिकरणमा पेस गरेकोमा यथास्थितिमा स्वीकृति दिन नसकिने भनी निर्णयसम्म गरेको देखियो। एनसेल प्राइभेट लिमिटेड विरूद्ध ठूला करदाता कार्यालयसमेत भएको रिट नं. (०७४-WO-०४७४) र (रिट नं. ०७४-WO-००१५) को निवेदनमा यस अदालतको वृहत पूर्ण इजलासबाट मिति २०७५।१०।२३ मा आदेश हुँदा विपक्षी एनसेल आजियाटा लिमिटेडले पूर्ण खुलासाको सिद्धान्त विपरीत कार्य गरेको र बुझाउनुपर्ने कागजातहरू नबुझाएको समेत ठहर भैसकेको अवस्थामा नेपालमा दुर सञ्चार सेवा प्रदायक कम्पनीको रूपमा अनुमतिपत्र प्राप्त विपक्षी कम्पनी लगायतका सबै व्यक्तिहरूको कानूनबमोजिम प्रभावकारी नियमन गर्नू, गराउनू भनी विपक्षी दुर सञ्चार प्राधिकरणको नाममा निर्देशनात्मक आदेश जारी गरिदिएको छ।

७. प्रस्तुत आदेशको पूर्ण पाठ तयार गर्न समय लाग्ने भएकोले यो संक्षिप्त आदेश जारी गरिदिएको छ। आदेशको जानकारी विपक्षीहरूलाई पठाइदिनू।—

न्यायाधीश

न्यायाधीश

इति संवत् २०८१ साल पौष ११ गते रोज ५ शुभम्.................................।

CamScanner